# जिल्ला रौतहट गरुडा नगरपालिका वडा नं ५ बस्ने बिजय रामको ईलाका प्रहरी कार्यालय गरुडाको हिरासत कक्षमा प्रहरीले चरम यातना दिएका कारण अस्पतालमा उपचारको क्रममा मृत्यु भएको भनिएको घटना सम्बन्धमा तयार पारिएको स्थलगत अनुगमन प्रतिवेदन

२०७७ असोज १ गते



Figure 1: House and family of Bijay Ram

**घटना अध्ययन टोलीका सदस्यहरू :**

१. अधिवक्ता ओम प्रकाश सेन ठकुरी - एड्भोकेसी फोरम - नेपाल

२. अधिवक्ता सम्मर बहादुर बस्नेत - एड्भोकेसी फोरम - नेपाल

३. अधिवक्ता शैलेन्द्र हरिजन - तराई मानव अधिकार रक्षक सञ्जाल (थर्ड एलायन्स)

४. अधिवक्ता ईन्द्र प्रसाद अर्याल - न्यायका लागि मानव अधिकार

५. अधिवक्ता बद्रि प्रसाद भुसाल - न्यायका लागि मानव अधिकार

## बिषय सूची

घटनाबारे संक्षिप्त विवरण........................................................................ ७

घटना अनुगमन तथा अध्ययन विधि ............................................................ ८

यातना पीडित, प्रत्यक्षदर्शी तथा पीडित परिवारको बयान.......................................... ९

क. यातना पीडित/प्रत्यक्षदर्शीहरुको भनाइ................................................ ९

ख. आफन्तको बयान ..........................................................................११

पीडितलाई न्यायका लागि प्रहरी प्रशासन तथा स्थानीय सरकारको पहल र प्रतिवद्धता ................१३

घटनाबारे अन्य सम्बन्धित सरोकारवालाहरुको भनाई.............................................१५

घटनाको बिश्लेषण..................................................................................१६

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरुको उल्लङ्घन र प्रचलित कानुनी उपचार .........................१६

न्यायका लागि चालिएका कदमहरु ............................................................१७

निष्कर्ष तथा सिफारिस .......................................................................... २०

निष्कर्ष ......................................................................................... २१

सिफारिस.......................................................................................२२

अनुसूची .......................................................................................२३

## घटनाबारे संक्षिप्त विवरण



Figure 2:Bijay Ram in hospital before his death. PC: Family.

जिल्ला रौतहट गरुडा नगरपालिका वडा न. ५ बस्ने नन्दलाल महराको छोरा बर्ष १९ को निरन्जन राम वडा न.८ स्थित (चन्द्र निगाहपुर देखि गौर जाने सडकको जिगडिया भन्ने ठाउँमा सडकको पुर्ब तर्फ रहेको सच नर्सरी फलफुल (बागवानी) मा दैनिक मजदुरी गर्दथे । मिति २०७७ श्रावण ३१ गते बिहान खाना खाएर उक्त नर्सरीमा काम गर्न गएका थिए । निजको आमाका अनुसार साँझ निरन्जन राम घर नआए पछि उनी साँझको अन्दाजी ६:०० बजे नर्सरीमा छोरालाई बोलाउन जाँदा नर्सरीको साहु जयराम साहले आज यहाँ काम छ, भोलि आउँछ, आज यतै बस्छ भने पछि निरन्जन रामले आफ्नो भाषामा आमासँग "साहुले जान दिदैन, भने के गर्नु? जाउ भोलि आउँछु" भनेर आमालाई घर पठाए । सोही राति निरन्जन रामको घाँटी रेटेर हत्या भएको थियो ।

निरन्जन रामको हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले मिति २०७७ श्रावण ३२ गते वडा न. ५ बाट शेख अजाद र वडा नं. ८ बाट राजाराम साहलाई पक्राउ गरेको थियो । र उनीहरुको पोलको आधारमा सोही राती अन्दाजी रातको ११ बजेको समयमा अन्दाजी १५० देखि २०० जनको संख्यामा गएको प्रहरीहरुले गरुडा नगरपालिका वडा न. ५, जिगडिया गाउँका बिजय राम, अजय रन्जन, अर्जुन राम, सिकिन्दर पासवान, विवेक यादव, मनोज पासवान, प्रसान्त यादव, चन्दन मल्लीक र विकेश यादव गरी ९ जना युवाहरुलाई कुनै पनि घरको परिवारसँग सोधपुछ नगरी बिना अनुमति जबर्जस्ती ढोका फोडेरमा घर घरमा प्रवेश गरी ९ जना युवाहरुलाई पक्राउ गरी लाठी, बुट, मुक्काले हान्दै प्रहरी भ्यानमा बोरा फाले जसरी हात र खुट्टा समातेर फाल्दै गाडीमा राखेर इलाका प्रहरी कार्यालय गरुडामा लगेका थिए । भाद्र ३ गते उनीहरु मध्ये सेख आजाद, विजय महरा समेत गरी ७ जनालाई इलाका प्रहरी कार्यालय गरुडाले निरन्जन रामको हत्यामा संलग्न रहेको भनेर पत्रकार सम्मेलन गरी सार्बजनिक गऱ्यो भने विवेक यादव, मनोज पासवान, प्रसान्त यादव र चन्दन मल्लीकलाई ३ दिनसम्म प्रहरी हिरासतमा गैह्रकानूनीरुपमा थुनामा राखी रिहा गरेको थियो ।

अनलाइन खबरमा मिति २०७७ भादौ ४ गते "प्रेम सम्बन्धका कारण युवकको हत्या, ७ जना पक्राउ" भन्ने शिर्षकमा प्रकाशित समाचारमा इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायब उपरीक्षक ज्ञानकुमार महतोका अनुसार निरन्जन रामको आफ्नै टोलकाले अन्तरजातीय प्रेम सम्बन्ध रहेको थाहा पाए पछी उनको हत्या गरेको हो भन्ने भनाई रहेको थियो । तर इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायब उपरीक्षक ज्ञानकुमार महतोले आजद शेषको नाबालिका बहिनीलाई इलाका प्रहरी कार्यालय गरुडामा बोलाई तिमीसँग निरन्जन रामको प्रेम सम्बन्ध थियो । त्यही भएर तिम्रो दाईले निरन्जन रामको हत्या गरेको भनेर भन भने पछि निज बालिकाले मेरो निरन्जन

रामसँग कुनै सम्बन्ध छैन, थिएन, मेरो दाईले जे गरेको छ उसलाई भन्नु मेरो नाम नजोड्नु भनेर भनिन तर प्रहरीले तिमीसँग सम्बन्ध थियो भनेर भन । मैले तिमीलाई पनि छोडिदिन्छु र तिम्रो दाईलाई पनि छोडिदिन्छु भन्दै प्रलोभन देखाउँदा पनि निज बालिकाले प्रहरीले भने बमोजिम नभने पछी प्रहरीले उनलाई अपशब्दहरु प्रयोग गरी गालीगलौज समेत गरेको थियो भन्ने कुरा निजले चन्द्र निगाहपुर (च.पुर)मा पत्रकार सम्मेलन गरेर बताएकी थिइन् ।



Figure 3: Wounds on back, before his death in hospital. PC: Family

निरन्ज रामको हत्या सम्बन्धमा अनुसन्धानको लागी जिल्ला प्रहरी कार्यालय, रौतहटका प्रहरी उपरीक्षक रविराज खड्काको निर्देशनमा प्रहरी निरिक्षक नबिन सिंह, प्रहरी हवल्दार मुन्ना सिंह र प्रहरी हवल्दार फिरोज मियाँ धुनियाको टोली खटेको थियो ।

शेष आजदको बहिनीले प्रहरीले भने बमोजिम बयान गर्न इन्कार गरेपछि प्रहरीले विजय रामलाई साविती बयानका लागि दबाव दिएको थियो । "तिमीले मारेको हो भने स्वीकार गर" भनेर प्रहरीले स्वीकारोक्ति, साबिती गराउनको लागि प्रहरी नायव उपरीक्षक ज्ञानकुमार महतो, प्रहरी नायब निरीक्षक बिरेन्द्र यादव र जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक रविराज खड्काको निर्देशन तथा निगरानीमा प्रहरी निरीक्षक नबिन सिंह, प्रहरी हवल्दार मुन्ना सिंह, र प्रहरी हवल्दार फिरोज धुनिया र अन्य नाम, थर दर्जा थाहा नभएका प्रहरीहरुले बिजय रामको टाउको, पिठ्यू, खुट्टा, गर्दन, कम्मर र हिपमा लाठी, बुट, मुक्का, फलामको रड र प्लास्टिकको पाइपले कुटपिट गरी तिन दिनसम्म पटक पटक गरी घोप्टो पारि, उल्टो झुण्डयाई, कुटपिट गरी, हातको औंलामा करेन्ट समेत लगाई चरम शारीरिक यातना दिए भन्ने मृत्यु पूर्व सार्वजनिक भएको बिजय रामको भिडिओ सन्देशमा देखिन्छ । यातनाका कारण बिजय रामको स्वास्थ्यमा गम्भिर समस्या देखिए पछि प्रहरीले उनलाई मिति २०७७ भाद्र २ गते गरुडा चोक स्थित अनमिका अस्पतालमा लगी उपचार गराउँदा अवस्था गम्भीर भई त्यहाँ उपचार सम्भव नभएपछि २०७७ भाद्र ४ गते बिरगंजस्थित नेशनल मेडिकल कलेज बिरगंजमा लगेको थियो । तर उपचारका क्रममा मिति २०७७ भाद्र १० गते राति अ. १२:२० बजे निजको मृत्यु भएको थियो ।

## घटना अनुगमन तथा अध्ययन विधि

**अध्ययन विधि :**

- ✓ घटनास्थल भ्रमण, पीडितका परिवार र प्रत्यक्षदर्शीहरुसँग अन्तरवार्ता,
- ✓ स्थानिय जनप्रतिनिधीसँग अन्तवार्ता,
- ✓ नेपाल प्रहरीका अधिकृतहरुसँग अन्तरवार्ता,
- ✓ घटनाका बारेमा प्रकाशित समाचार तथा अन्य सामाग्रीको अध्ययन,
- ✓ सम्बन्धित ऐन, कानून तथा दस्तावेजहरुको अध्ययन एवं विश्लेषण,
- ✓ जाहेरी दरखास्त र ज्ञापन पत्र लगायत कागज प्रमाणहरुको अध्ययन ।

**भ्रमण गरिएका स्थानहरू र भेटिएका व्यक्तिहरू :**

पीडितको घर परिवार, घटनाका घाइतेहरू र प्रत्यक्षदर्शीहरू, आफन्त र गाउँलेहरू, ईलाका प्रहरी कार्यालय, गरुडा, जिल्ला प्रहरी कार्यालय, गौर, रौतहट, जिल्ला सरकारी वकिलको कार्यालय ।

**भ्रमण मिति :** २२ देखि २५ असोज २०७७

## यातना पीडित, प्रत्यक्षदर्शी तथा पीडित परिवारको बयान

क. यातना पीडित/प्रत्यक्षदर्शीहरुको भनाई

**१.पनिलाल महरा ( मृतक विजय राम महराको बुबा)**



Figure 4: Bijay;s father before District Police Office, Rautaha

मेरा दुईवटा छोराहरु थिए । जेठो छोरा विश्वजित महरा र कान्छो छोरा बिजय महरा थियो । विश्वजित विदेश कमाउन जाँदा विमारी भएर आएछ । गत फागुन महिनामा उसको निधन भयो । मेरा दुवै छोराले एउटै परिवारका दिदी बहिनी विवाह गरेका थिए । जेठाको ३ वटा छोराहरु छन् । कान्छाको एउटा छोरी छ फागुनमा जन्मिएको । जेठी बुहारी लिलम देवी र कान्छी बुहारी सुनितादेवी हुन । दाइको मृत्युपछि परिवारको सल्लाहले विजयरामले भाउजुसँग पनि विवाह गरेका थिए । छोरा विजयले कमाइ गरेर जेनतेन हामीलाई पालेको थियो । परिवार राम्रैसँग चलेको थियो ।

मिति २०७७०४।३२ गते हामी खाना खाएर आफ्नो घरमा सुतिरहेको अवस्थामा रातको अन्दाजी १०, ११ बजेको समयमा अन्दाजी १० जना प्रहरीहरु मेरो घरमा आए र ४, ५ जना प्रहरीहरु घरभित्र पसे । म सुतिरहेकोको अवस्थामा मलाई उठाएर तेरो छोरा कहाँ छ ? भनेर मलाई सोधे अनि मैले के भो ? तपाईहरु को हो भनेर सोधे पछी मलाई बाहिर ल्याई ३, ४ लाठी मेरो तिघ्रामा हाने पछी म भुईमा ढलें । अन्य ५ जना प्रहरीहरु फेरी मेरो घर भित्र पसे र परिवारका अन्य सदस्यहरुलाई पनि कुटपिट गर्दै मेरो छोरा विजय राम महरालाई लाठी, बुटले हान्दै बाहिर ल्याए र बोरा फाले झैं हात र खुट्टा समातेर प्रहरी गाडीमा फाल्दियो अनि गरुडा तर्फ लगेर गयो । भोलीपल्ट बिहान बुझ्दा इलाका प्रहरी कार्यालय गरुडामा लगेको थाहा पाएको हुँ । प्रहरीले उनलाई लगेपछि म पटक पटक भेटन जाँदा पनि भेटन पाइन् । बिमार भएर अस्पताल लगिसकेपछि पनि भेट गर्न दिएन् ।

**२. मिति २०७७ श्रवण ३२ गते विजय महरासंगै पक्राउ परेका गरुडा नगरपालिका वडा न ५ बस्ने मनोज पासवानको भनाई** : पक्राउ पश्चात मलाई ३ दिनसम्म विजय महरासँगै हिरासतमा राखेको थियो । विजय राम महरालाई उल्लेखित प्रहरीहरुले निरन्जन रामको हत्या गरेको हो भन्ने कुरा स्वीकार गर (उनले आफ्नो भाषामा साकार गराउन भनेको) भन्दा खेरि विजयले स्वीकार नगरे पछी प्रहरीले स्वीकार गराउनको लागी निजको औंलामा करेन्ट लगाएको र लात, बुट, लाठि, फलामको रडले पटक पटक गरी ३ दिनसम्म कुटपिट गरी चरम यातना दिएका हुन् । प्रहरीले यातना दिएको कारण विजय महरा बस्न, सुत्न सकेको थिएन् । उठबस गर्न, हिलडुल गर्न सकेका थिएन् । खाना खान सकेको थिएन् । एक जनाले एउटा बिस्कुट दिएकोले मैले पानीमा चोबलेर खुवाउन खोज्दा उसले मुख खोल्नै सकेन् । उनलाई प्रहरी धेरै यातना दिएको थियो । मलाई बिजय राम तर्फ नहेर्न र अर्को तर्फ कोल्टो परेर सुत्न लगाई विजय रामलाई ३, ४ जना प्रहरीले यातना दिएको थियो ।



Figure 5: Interview with witnesses

**३. राजगिर राम ( निरञ्जन रामको ठुलोबुबा नातापर्नेको छोरा) र प्रमोद राम (निरञ्जन रामको सहोदर दाई) दुवैको सयुक्त भनाई :-**

मृतक निरञ्जन राम र प्रमोद राम सहोदर दाजुभाई हुन र राजगिर राम निरञ्जन रामको ठुलोबुबा नाता पर्नेका छोरा हुन । मृतक निरञ्जन राम विगत ७, ८ बर्ष देखि लखन शाह, राजाराम शाह र राजगिर शाहले सञ्चालन गरेको रौतहट जिल्ला गरुडा नगरपालिका वडा नं. ८ बसबिट्टी, जिंगडिया, रौतहट स्थित सच फलफुल नर्सरी

वागवानीमा काम गर्दै आएका थिए । उनले पहिले देखि तलब पाउदै आएका तर गत महिनाको तलब पाएका थिएनन् । सोही तलवबाट घरपरिवारको गुजारा चलाई रहेका थिए । निरञ्जन १७ बर्षका मात्र थिए । उनको परिवारमा बुबा नन्दलाल राम, आमा बसमतियाँ देवी महरा, दाई प्रमोद राम र ३ जना दिदी बहिनीहरु छन् ।

दैवको खेल भनौ या अपराधीका आँखा लागेर हो मिति २०७७।०४।३१ गते शनिवारका दिन उक्त नर्सरीका साहुले मान्दै आएको धनधन सदगुरुको जन्मदिन परेकोले धर्मसदगुरुको पुजापाठगरी जन्मदिन मनाउने कार्यक्रम उक्त नर्सरीका सञ्चालकको रहेछ । निरञ्जनलाई पनि उक्त कार्यक्रममा आउने काम पनि गर्ने र रमाइलोसँग गुरुको जन्मदिन मनाउने भनेकोले विहान अन्दाजी ११ बजेको समयमा गीत बजाउने उफरहरु लिई गएका थिए । उनीसँग फोन सम्पर्क हुन सकेन् । उनकी आमा बेलुका घाँस काटेर घर आउँदा पनि छोरालाई नदेखेको र फोन सम्पर्क पनि नभएको कारण साँझ ५ बजेतिर उनी छोरालाई खोज्दै नर्सरी मै गईन् । उनलाई उक्त नर्सरीका मालिक लखन शाह बनियाले निरञ्जन आज आउदैन, उ रातभर यहि बस्छ र भोली मात्र आउँछ भन्यो । त्यसपछि उनकी आमा घर फर्किइन् । पहिले पहिले पनि निरञ्जन कहिलेकाही ४, ५ दिनसम्म नर्सरी मै बस्ने गर्थ्यो ।


Figure 6: Discuss with villagers.

मिति २०७७।०४।३२ गते आइतवार विहानको समयमा गाउँका केही महिलाहरु सौंच गर्न गएको समयमा गाउँकै नजिक वाटोको छेउमा पानीमा लास देखि गाउँमा हल्ला गरेछन् । गाउँमा हल्ला भएपछि मानिसहरु जम्मा भए । जम्मा भएका मानिसहरुले नन्दलालको छोरा निरञ्जन राम हो भन्ने हल्ला गरेपछि निरञ्जनको दाई प्रमोद राम गएर हेर्दा अलि ठम्याउन नसकेपछि परिवार र केही गाउँलेहरु नर्सरीमा गई निरञ्जन कहाँ छ भनि सोधे । नर्सरीका साहु लखन शाहल (बुबा) ले साँझ ४ बजे नै गएको भने, राजाराम शाहले ५ बजे यहाँबाट गएको भने, अर्को छोरा राजगिर शाहले साँझ ६ बजे गएको भने । उनीहरु नर्सरीबाट फर्केर आएपछि फेरी राम्ररी हेरेपछि परिवारले निरन्जन रामको लास भनी चिन्यो । आफ्नै भाई छोरा रहेको पहिचान भयो । सोही दिन अन्दाजी ६:३० बजेको समयमा प्रहरी लास भएको स्थानमा आईपुग्यो र लास भएको स्थान घेराहाली प्रहरीले अनुसन्धान शुरु गऱ्यो । इलाका प्रहरी कार्यालय गरुडाका डी.एस.पी. ज्ञान कुमार महतो आएर स्थानियलाई कुकुर ल्याएर अनुसन्धान गर्छौं, अपराधी पत्ता लगाएरै छाड्छौं भनी आश्वासन दियो । दिउँसो करिब १ बजेको समयमा प्रहरीले तालिम प्राप्त कुकुर ल्याए र लास सुघाएर कुकुरको पछि पछि लागे । कुकुर उत्तरपट्टिबाट हाइवे हुँदै सच नर्सरीमा छिर्न खोज्दा कुकुरको डोरी समाति राखेको प्रहरीले कुकुरलाई त्यता जान नदिएर पछाडि तानिदियो । त्यसपछि कुकुर नजिकै रहेको रुपेश होटल तर्फ लाग्यो । सो दिन डि.एस.पी. महतोको टोली करिव ४, ५ पटक सच नर्सरीमा जादैं कुरा गर्दै फर्केको थियो ।

मिति २०७७।०४।३२ गते साँझ अन्दाजी ५, ६ बजेको समयमा प्रहरीले अनुसन्धानकोलागि सोही ठाउँका शेख आजादलाई पक्राउ गऱ्यो । सोही दिन राती अन्दाजी ९:३० बजेको समयमा अन्दाजी १०० देखि १५० जनाको प्रहरी जथ्था आई पुरै गाउँ घेराहाली गाउँलेहरुलाई कुटपिट गर्दै १० जना व्यक्तिहरुलाई कुटपिटका साथै पक्राउ गरी नियन्त्रणमा लिएर लगे । त्यसपछि घट्नाले अर्कै रुप लियो । प्रहरीले जाहेरीमा साहुहरुको नाम हटाउनु, यी हिरासतमा भएका केटाहरुको नाम हाल्नु भनेपछि हामीले मानेनौं । आन्दोलन शुरु भयो । हामीले निरञ्जनको लास बुझेनौं । व्यापक आन्दोलन र दबाव पछि प्रहरीले भदौ ४ गते लखन शाह, राजगिर शाह, राजाराम शाह र शेख अजादको नाममा जाहेरी दर्ता गरेपछि मात्र हामीले लास बुझेर सदगद गऱ्यौं । अहिलेसम्म निरञ्जनको परिवारले कसैबाट पनि केही लिएको पाएको छैन् । हामीले हाम्रो भाई छोरालाई मार्नेलाई अनुसन्धान छानविन गरी कडा भन्दा कडा सजायका साथै क्षतिपुर्तिको माग गर्दछौं ।

**४. रवि कुमार राम र राजगिर रामको भनाई :-** मृतक दुवै निरन्जन राम र बिजय राम नातामा दाजुभाई पर्छन् । निरञ्जन राम विजयको मामाको छोरा हो । समान उमेर भएकाले यी दुवैजना असाध्यै मिल्ने साथी थिए । निरञ्जन १७ बर्षको थियो र बिजय १९ बर्षका थिए । विजय घरमै किसान कामगरी कलेज पढ्दै थिए भने निरञ्जन सच नर्सरीमा काम गर्दै आएका थिए । मिति २०७७।०४।३१ गते विहान निरञ्जन रामको घाँटी रेटी हत्या गरी गाउँकै नजिकमा फालेको लास फेला पऱ्यो । सो घट्नाको दृष्यले हामी आफन्त छरछिमेकीलाई भावविह्ल बनायो । साउन ३२ गते साँझ करिव ६ बजेतिर शेख आजादलाई पक्राउ गरियो । साही दिन राती करिव ९:३० बजेको समयमा प्रहरीको ८, १० वटा गाडीमा आएका करिव १५० देखि २०० जनासम्मको प्रहरी जथ्थाले गाउँ घेराउ गरी गाउँका सवैजसो मानिसलाई कुटपिट गरी आतंकित पारी केही युवाहरुलाई कुट्दै मालसमान गाडीमा लोड गरे जसरी पक्रिदै हात र खुट्टाबाट उचाली हल्लाउदै गाडीमा फाल्दै गरे । यसरी कुटपिट पछि पक्राउ गरी गाडीमा हाली प्रहरीको नियन्त्रणमा इलाका प्रहरी कार्यालय गरुडा, रौतहटमा लगियो । प्रहरीको नियन्त्रणमा ३२ गते राती ल्याएदेखि नियन्त्रणमा लिएका यी थुनुवाहरुलाई उनीहरुको आफन्त, छिमेकी, गाउँले, मानवअधिकारकर्मी, सामाजिक अभियन्ता कसैलाई पनि भेटघाट गर्न दिइएन् । केहि पक्राउ परेका युवाहरुलाई दुई दिन पछि छाडिएको थियो भने ७ जनालाई अदालतबाट म्याद थपेर मुद्दा चलाइएको थियो । ति छाडिएका युवाहरुवाट प्रहरी हिरासतमा चरम यातना दिइएको कुरा बाहिर आएको थियो । मिति २०७७।४।३२ देखि २०७७।०५।०३ गतेसम्मको चरम यातनापछि बिजय राम महराको स्वास्थ्यमा गडवडी भई उसको पिसाबमा रगत आउन थालेपछि उपचारकोलागि प्रहरीले गरुडा स्थित अनमिका अस्पतालमा पुऱ्याएको थियो । अनामिका अस्पतालमा भेट्न जाँदा पनि प्रहरीले आफन्तलाई भेटन दिएन् । अनमिका अस्पतालका चिकित्सकले बिजय रामको



Figure 7: Interview with witnesses

स्वास्थ्य अवस्था जटिल छ, यहाँ सम्भव छैन, बाहिर लैजानु भन्ने सल्लाह दिएपछि उनलाई उपचारकोलागि मिति २०७७।०५।०४ गते बिरगञ्ज स्थित नेशनल मेडिकल कलेजमा लगिएको थियो । त्यहाँ पनि प्रहरीको नियन्त्रणमा उपचार भएको थियो । तर उक्त मेडिकल कलेजमा अध्यनरत विद्यार्थी रामजी रामले बिजय रामको परिवार र आफन्तलाई बिजय रामको स्वास्थ्य अवस्था बारे सम्पुर्ण जानकारी गराइरहेका थिए। उनलाई कुटपिट तथा करेन्ट लगाई यातना दिएका कारण उनको किडनी नै ड्यामेज भएको अबस्था रहेछ। उपचारको क्रममा विजय महराले हिरासतमा चरम यातना भएको भिडियो पनि बाहिर आएको छ। प्रहरीले नियन्त्रणमा लिई सकेपछि विजय रामको आफन्त र परिवारसँग भेटघाट हुन नदिई उपचारकै क्रममा मिति २०७७।०५।१० गते रातीको अन्दाजी १२:३५ बजेको समयमा उनको निधन भएको खबर सुन्नमा आयो। यसरी प्रहरीले पक्राउ गर्दा देखि कुटपिट यातना दिई मर्ने अबस्थासम्म पुऱ्याएको थियो। यसरी शान्ति सुरक्षाको जिम्मा लिएको प्रहरीले नै हिरासतमा नागरिकलाई कुटी कुटी मर्ने अबस्थामा पुऱ्याएको हुँदा दोषी प्रहरीहरुलाई कानुनी दायरामा ल्याई कारबाही होस र पीडित परिवारलाई राज्यले क्षतिपुर्तिको व्यबस्था गरोस भन्ने हाम्रो माग छ।

### ५. राजविराम वर्ष ३९, विजयरामको मामाको भनाई :

हामीलाई निरन्जन रामको हत्याको सम्बन्धमा बेवारिसे शव फेलापरेपछि मात्र थाहा पायौं। श्रावण ३१ गते राती कसैले मारेर फालेको रहेछ त्यो लाश। श्रावण ३२ गते राती हामी सवैजना घरमा सुतिसकेका थियौं। टोलमा अकस्मात प्रहरी आयो। करिव १५० भन्द ा बढी प्रहरीहरु टोलका हरेक घरमा पसेका थिए। हरेक घरका पुरुष र महिलाहरुलाई पनि कुटपिट लछार पछार गर्दै कतिपय युवालाई पक्राउ गऱ्यो । म बाहिर निस्केर हेरेको थिएँ त्यहाँ टाढा र नजिक गरेर ८। ९ वटा प्रहरीका भ्यानहरु थिए । बाहिर पनि बाटो चोक चोकमा प्रहरी थिए । यसरी राती आएर प्रहरीहरुले विजयराम लगायतका अन्य युवाहरुलाई समेत पक्राउ गरि लिएर गए । हामी गाउँका अन्य दाजुभाईहरु मिलेर ईलाका प्रहरी कार्यालय गरुडामा गएका थियौं । त्यहाँ जाँदा थाहा भयो, त्यो दिन जम्मा ११ जनालाई पक्राउ गरेको रहेछ। प्रहरीले न कुनै सुचना राम्रोसँग दियो न कसैसँग हामीलाई भेट्न दियो, सवैजना फर्कर आयौं । पछि भोलपिल्ट जाँदापनि विजयरामलाई निकै यातना दिएको छ प्रहरीले भनी सुन्यौं। हामी धेरै नै संख्यामा गएका थियौं तर हामीलाई भित्रसम्म पनि जान दिएन, हामी फर्कंउ। भदौ २ गते त विजयराममाथी भएको कुटपिट पछि सख्त विरामी भएपछि त्यहीको स्थानीय अनमिका अस्पतालमा लगेर उपचार नभएपछि भदौ ४ गतेदेखी विरगंज स्थित



Figure 8: Filing an FIR at Public Prosecutor's Office, Rautahan

नेशनल अस्पतालमा राखी उपचार गरेको कुरा थाहा पायौं । हाम्रा मान्छेहरु त्यहाँ पुग्नुभयो । विजयरामको स्थिती राम्रो छैन भन्नेकुरा हामीलाइ थाहा भयो । हामीले भेट्न पनि पाएनौं । अस्पतालकै चिनेको कर्मचारीहरु मार्फत बेला बेलामा सुचना प्राप्त गर्थ्यौं । प्रहरीको यातनाको कारण नै विजयरामको मृत्यु भएको हो ।

६. **हत्या भएका निरन्नजनरामको आमा :** मेरो छोरा सच नर्सरीमा काम गर्थ्यो । सच नर्सरीका साहु लखनलाल साहु, जेठो छोरा राजाराम शाह हुन् । कान्छो छोरा राजवीर शाह हुन् । त्यो नर्सरी गरुडा नगरपालिका वडा नं. ८ जिगंडिया पुर्बटोलमा रहेको छ । श्रावण ३१ गते साँझ मलाई त्यो छोरालाई किन किन भेट्न जान मन लाग्यो । निरन्जन काममा गएपछि कहिले नर्सरीमा नै बस्ने गर्थ्यो । त्यसैले ३१ गते म लिन जाँदा साहु लखनसँग भेट भयो । उसलाई मैले निरन्जनलाई लिन आएको भनें । साहुले आज निरन्जनको धेरै काम छ भन्यो, म फर्केर आएँ । त्यो बेला साहुले उसको वर्थ डे छ भनि बताएको पनि थिएन् । म घरमा आएँ । भोलीपल्ट मान्छेहरुले निरन्जनको लाश छ भने, मैले त्यो छोरालाई काटेर मारेको स्थितीको लाश हेर्न सक्ने आँट गरिन् । त्यो हत्यामा साहु लखन र उसका छोराहरुको संलग्नता छ । विजयराम त्यो घटनामा संलग्न हुने कुरै भएन् । उ त नर्सरीमा गएको पनि छैन तर निरन्जनको हत्यामा संलग्न साहु अहिले के के गर्दैछ । उसलाई थुनेको पनि छैन । उसलाई सजायँ हुन्छ जस्तो लागेको छैन् ।

७. **रविकुमार राम : वृन्दावन नगरपालिका :** म पुर्व माओवादीको लडाकु सदस्य हुँ । युद्धमा संलग्न भएको थिएँ । क्यान्टोनमेन्टमा बसेर आएको हुँ । वाइसिएल सदस्य, अहिले विजयरामको हत्या भए पछि न्यायको लागि गठन भएको संघर्ष समितिको सदस्य पनि हुँ । हाम्रो पार्टी नेकपाको जिल्ला कमिटिले विजयरामको मृत्युको सम्बन्धमा तत्काल संलग्न प्रहरीलाई कारवाहीको माग गर्दै प्रेश विज्ञप्ती पनि निकालेको छ । बृन्दावन नगरपालिकाले विजयरामको परिवारलाई १ लाख रुपैयाँ सहयोग दिने भनि घोषणा गरेको छ । पार्टीहरुको भूमिका राम्रै रहेको छ । प्रहरीले भने अनुसार शेख आजादको बैनीसँग निरन्जनको सम्बन्ध भएको हुँदा शेख आजादले निरन्जनलाई मारेको बताएको छ । श्रावण ३२ गते राती डिएसपी ज्ञानकुमार महतो समेतको धेरै संख्यामा प्रहरीहरु फिल्ममा जस्तो गुण्डागर्दी शैलीमा आयो । प्रहरीले सिकेन्द्र यादवको घर कुन हो भन्दै सोध्दै लछार पछार गर्दै सिकेन्द्र पासवानको घरमा गएर सिकेन्द्रलाई घरभित्रबाट लछारपछार गर्दै निकाल्यो । प्रहरी आउँदा शेख आजाद पनि संगै ल्याएको थियो ।



Figure 9: Villagers gathered before DPO, Rautahat demanding registeration of FIR.

**८. रामप्रसाद पासवान ४५ बर्ष :** सो दिन राती भईसकेको हुँदा म घरमा नै सुतिसकेको थिएँ । अकसमात प्रहरीको हुल आयो । म सुतेको मान्छेलाई उठायो र बाहिर निकाल्यो । डिएसपी पनि थियो र मैले चिनेको बृता चौकीमा कार्यरत असई पनि सँगै आएको थियो । डिएसपी लगायतका धेरैजसो प्रहरीहरु गरुडा चौकीबाट आएका थिए । मलाई बाहिर निकालेर सिकेन्द्र पासवानको घर कुन हो भनेर सोध्यो । मैले नजिक पनि भएकोले घर देखाईदिएँ । सिकेन्द्रलाई घरबाट बाहिर निकालेर नराम्रोसँग कुटपिट गऱ्यो । मैले त्यो कुटपिट भएको देखे पछि किन यसरी कुटपिट गर्छौ भन्दा मलाई पनि कुटपिट गऱ्यो । बुटले खुट्टा खुट्टामा हान्यो, चाकमा हान्यो, छातीमा पनि हान्यो । तँ धेरै जान्ने हुन्छस भन्दै हान्थ्यो । विजयराम र अन्य केटाहरुलाई पक्राउ गरेपछि मलाई छाड्यो । म डराएर घरमा बसें । भोलीपल्ट गाह्रो भएर म मेडिकल गएर औषधी गर्दा ३ हजार जति खर्च भयो । गाउँमा मलाई मात्र होईन धेरै जनालाई विना कारण कुटपिट गऱ्यो ।

**५. संगिता देवी :** निरन्जनको हत्याको अनुसन्धान गर्ने भनि मेरो देवर अर्जुन राम समेतलाई पक्राउ गरि लग्यो । प्रहरीहरुले गाउँभरिबाट निरन्जनको घटनामा संलग्न नभएका निर्दोषहरुलाई पक्राउ गरेर लगेपछि हामी प्रहरी कार्यालयमा भेटघाट गर्न गएका थियौं । भेटघाट गर्न गएकोमा हामीलाई भेटघाट गर्न पनि दिएन् । उल्टो पक्राउ परेकाहरुलाई यातना दिएको छ भन्ने सुने पछि हामी ३ गते पनि गरुडा प्रहरी कार्यालयमा गएर विरोध गऱ्यौं । त्यसैकारण प्रहरीहरुले मलाई समातेर प्रहरी कार्यालय भित्र लगेर पुरुष प्रहरीहरुले कुटपिट गरेर ३ घण्टापछि छाडिदियो । विरेन्द्र यादव भन्ने सई लगायतका प्रहरी पोशाक लगाएका प्रहरीहरुले मलाई कुटपिट गरी यातना दिएका हुन् ।



Figure 10: Discuss with neighbours

**६. परनमा देवी :** मेरो छोरा पनि पक्राउ गरेर लगेको थियो प्रहरीले । निरन्जनको हत्यामा मेरो छोरा संलग्न छैन् । म लगायत गाउँका अन्य मानिसहरु गाउँका निर्दोष केटाहरुलाई पक्राउ गरि हिरासतमा राखेको विरोधमा आन्दोलन गर्न सडकमा गएकोमा मलाई प्रहरीहरुले घेरेर लट्ठीले शरिरमा नराम्रोसँग कुटपिट गऱ्यो । मेरो कठालोमा समातेर घोक्रयाउँदै प्रहरी कार्यालय भित्रै लगेर पाईपले शरिरमा जतातत्तै हान्यो । निलडाम निकै थियो । औषधी खाने लगाउने गरेर हाल दाग छैन तर दुखिराखेको छ ।

**७. सुनिता राम :** सोही घटनामा निर्दोषलाई पक्राउ गरेको र हिरासतमा राखेर यातना दिएको विरुद्धमा हामी आन्दोलन तथा अनसनमा बसेका थियौं । श्रावण १६ गतेका दिन आन्दोलनमा ढुङ्गा हानाहान भयो । म अनसन स्थलमा थिए । सो अनसन उठाउनका लागि प्रहरीले टाढैबाट हानेको इटाले मलाई लाग्यो । पछि प्रहरीले मलाई नै बाँसको भाटाले हान्यो ।

**८. बिपिन जैसवाल,** पुर्व माओवादी सदस्य, गरुडा न.पा. वडा नं. ५ मेयरका प्रत्यासी, नेकपा प्रदेश कमिटी सदस्य : आन्दोलनको उद्देश्य वा नियत ठिक छैन् । विजयरामको मृत्युको सम्बन्धमा म पनि गम्भिर छु । तर निरञ्जको हत्यामा संलग्न भएको मान्छे शेख आजादको नाम जव जाहेरीमा नै छैन वा राखिएको छैन म यसलाई के भनुँ । तसर्थ यो सारा प्रकृया मैले नजिकबाट हेरेको छु । निर्दोषमाथी मुद्दा चलाउन दवाव दिने र दोषीलाई उम्काउने प्रयास जस्तो देखियो यसमा ।

**<u>घटनाबारे सरोकारवाला निकायहरुसँग छलफल :</u>**

**९. डिएसपी नरेन्द्र कुवँर, इलाका प्रहरी कार्यालय गरुडा :** म यो कार्यालयमा भर्खर आएको छु । अहिले यहाँको आन्दोलनलाई हेर्ने, भिड नियन्त्रण गर्ने काममा छु । निरञ्जनको हत्या सम्बन्धमा सो घटनाको सम्पूर्ण अनुसन्धान जिल्ला प्रहरी कार्यालयबाट भइरहेकोले अभियुक्तहरुलाई पनि जिल्ला प्रहरी कार्यालयमा नै राखिएको छ । सरकारले गठन गरेको छानबिन समिती पनि हाल यहाँ आएको छ । हामीसँग भएको सुचना सवैलाई दिन्छौं । विजय रामको घटनाको सम्बन्धमा मैले अहिले केहि भन्न सक्ने स्थितीमा छैन् ।

**१०. एसपी सिद्धिविक्रम शाह, जिल्ला प्रहरी कार्यालय रौतहट :** यो घटनाबाट म व्यक्तिगत रुपमा र विभागिय रुपमा प्रहरी विभाग समेत दुखी छौं । नहुनुपर्ने घटना भयो । यो घटनालाई हामीले लुकाउने छिपाउने पक्षमा छैनौ । निरञ्जनको घटनामा पनि वास्तविक दोषीलाई कारवाही हुन्छ । विजय रामको घटनामा पनि संलग्न प्रहरी जो सुकै होस कारवाही हुन्छ । पीडितलाई क्षतिपूर्ति हुनुपर्छ भन्ने हाम्रो धारणा छ । हामी विजय रामको सम्बन्धमा जाहेरी लिन्छौं जो प्रत्यक्ष संलग्न छ उसैलाई यातना र हत्या समेतमा कारवाही हुन्छ ।



Figure 11: After discussion with SP Siddhi Bikram Shah at DPO, Rautahat.

## कानूनी विश्लेषण

### राष्ट्रिय कानून

**क) संबैधानिक व्यवस्था**

नेपालको संबिधानको प्रस्तावनाले नै नागरिक स्वतन्त्रता, मौलिक अधिकार र मानव अधिकारलाई प्रत्याभूत गरेको छ । संबिधानको धारा १६ को उपधारा (१) ले “प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाँउने हक हुनेछ“ भनि संविधानले नै प्रत्येक व्यक्तिको बाँच्न पाउने अधिकारलाई प्रत्याभूत गरेको छ । धारा २२ को यातना विरुद्धको हकको उपधारा (१) ले पकाउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक ब्यवहार गरिने छैन भन्ने व्यवस्था गरेको छ । धारा २४ को “छुवाछुत तथा भेदभाव बिरुद्धको हक अन्तर्गत उपधारा (१) ले कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाती,

समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्बजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन भन्ने ग्यारेन्टी गरिएको अवस्था छ ।

**ख) कानूनी व्यवस्था**

मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद-१२ ज्यान सम्बन्धी कसुरको दफा १७७. ले ज्यान मार्ने नियतले कुनै काम गर्न नहुनेः (१) कसैले कसैको नियतपूर्वक ज्यान मार्ने वा ज्यान मार्ने कुनै काम गर्न वा गराउन हुदैन् । यस दफाको प्रायोजनको लागी कसैले कसैलाई नियत पूर्वक गम्भीर शारीरिक चोट वा क्षति पुर्‍याएकोमा तत्काले नमरी सोही चोटको परिणाम स्वरुप पछि ज्यान मरेमा पनि सोही व्यक्तिले ज्यान मारेको मानिनेछ र त्यस्तो कसुर गर्ने वा गराउने व्यक्तिलाई जन्मकैदको सजाय हुनेछ" भन्ने व्यवस्था गरेको छ । त्यस्तै गरी संहिताको दफा १७८. (१) ले कसैले कुनै काम गर्दा साधारणतया मानिसको ज्यान जान सक्छ भन्ने जानीजानी वा विश्वास गर्नु पर्ने कारण हुँदा हुँदै त्यस्तो काम गर्नु हुदैन् र सो कारणबाट कसैको ज्यान मरेमा कसुरदारलाई जन्मकैदको सजाय हुनेछ भन्ने व्यवस्था गरेको छ ।

परिच्छेद - १० को दफा १६७. (१) ले प्रचलित कानून बमोजिम बाहेक कसुरको अनुसन्धान गर्ने, अभियोजन गर्ने, कानूनको कार्यान्वयन गर्ने वा कानून बमोजिम नियन्त्रण हिरासत वा थुनामा राख्ने अधिकार प्राप्त अधिकारीले कसैलाई शारीरिक वा मानसिक यातना दिन वा दिन लगाउनु वा कुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न वा गराउनु हुदैन र सो बमोजिमको कसूर गर्ने व्यक्तिलाई कसूरको गम्भीरता हेरी पाँच बर्ष सम्म कैद वा पच्चास हजार रुपैया सम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

त्यस्तै गरी दफा ४१. (क) ले "क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको" अपराध गरेकामा कसूर गर्ने कसुरदारलाई जन्मकैदको सजाय गर्दा त्यस्तो कसुरदार जीवित रहेसम्म कैद गर्नु पर्ने छ भन्ने व्यवस्था गरेको छ ।

मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १२. (२) उपदफा (१) ले आफू मातहतका कर्मचारी बाहेकका अन्य व्यक्ति समेत संलग्न रहेको अनुसन्धान टोली गठन गर्नु परेमा त्यस्तो अनुसन्धान अधिकारीको तालुकवाला अधिकारी वा प्रहरी महानिरिक्षकले त्यस सम्बन्धमा महान्याधिबक्ताको परामर्श लिई विशेषज्ञ समेत रहेको अनुसन्धान गराउन सक्नेछ भन्ने व्यवस्था रहेको छ ।

**अन्तर्राष्ट्रिय कानून**

मानवअधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ को धारा ८ ले प्रत्येक नागरिकलाई संविधान र कानूनले प्रदान गरेको मौलिक हकको हनन भएमा सक्षम राष्ट्रिय कानूनी संयन्त्र मार्फत प्रभावकारी उपचार प्राप्त गर्ने अधिकार हुनेछ भन्ने व्यवस्था गरेको छ ।

नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र (ICCPR) को धारा २ ले प्रत्येक पक्ष राष्ट्रले आफ्नो क्षेत्राधिकार भित्र यस प्रतिज्ञापत्रमा उल्लेखित हक अधिकारहरु कुनै पनि भाषा, लिङ्ग, रङ्ग, धर्म, राजनैतिक आस्था, राष्ट्रियता, जन्म, आर्थिक हैसियत, सामाजिक उत्पति आदिको आधारमा भेदभाव नगरी सम्मान तथा प्रत्याभूत गर्नु पर्छ भन्ने व्यवस्था गरेको छ ।

यातना वा अन्य क्रुर, अमानविय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि (CAT) को धारा १४ ले परिपुरण सम्बन्धी अधिकारको प्रभावकारी कार्यान्वयनको सुनिश्चततताको लागि राज्यउपर सबै आवश्यक कानूनी, संस्थागत तथा अन्य उपायहरुको अवलम्बन गर्ने दायित्व पनि निरोपित गरेको छ ।

संयुक्त राष्ट्र संघीय मानवअधिकार समितीमा परेका विभिन्न उजुरीहरुमा समितिले यातना जस्ता गम्भीर प्रकृतीका उजुरीहरुमा प्रशासनिक तथा अनुशासन सम्बन्धी कारबाहीले मात्र प्रभावकारी उपचारको प्रत्याभुती हुन नसक्ने भन्दै त्यस्ता विषयहरुमा न्यायिक कारवाही र प्रभावकारी परिपुरणको सुनिश्चतता हुनुपर्ने विधिशास्त्रीय मान्यताको विकाश गरेको पाइन्छ ।

त्यस्तैगरी नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध (क्षऋऋएच) को धारा २ उपरको साधारण टिप्पणी नं. ३१ र जबरजस्ती निष्कासन तथा प्रर्याप्त वासस्थानको अधिकार सम्बन्धि साधारण टिप्पणी नं. ७ ले क्रमशः मानव अधिकार आयोग र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धि समितिद्वारा अधिकारको प्रचलनका लागि कानूनी तथा अन्य उपायहरुको अवलम्बन गर्ने, मानव अधिकार उल्लंघनका घटनाहरुको अनुसन्धान गर्ने, उल्लंघन विरुद्ध प्रभावकारी उपचार प्रदान गर्ने, निश्चित उल्लंघनका पीडिकहरुलाई न्यायको दायरामा ल्याउने र पीडितलाई परिपुरण प्रदान गर्ने दायित्व राज्यको हुन्छ भनि ठहर गरेको छ ।

## निष्कर्ष तथा सिफारिस :

### निष्कर्ष :

घटनास्थल, पीडितको परिवार, घटनाका घाइतेहरू, प्रत्यक्षदर्शीहरू, आफन्त र गाउँलेहरू, ईलाका प्रहरी कार्यालय, गरुडा, जिल्ला प्रहरी कार्यालय, गौर, रौतहट, जिल्ला सरकारी वकिलको कार्यालय लगायतसँग भेट गरी घटनाको बारे बिस्तृत जानकारी लिए पश्चात स्थलगत भ्रमणका गएका टोलीको निम्न निष्कर्ष तथा सुझावहरु रहेका छन :

१. निरञ्जन रामको घाँटी रेटि विभत्स हत्या भएको घटनाको अनसुन्धानका क्रममा मुख्य शंकास्पद व्यक्तिहरु सच फलफूल नर्सरीका मालिक जयराम साह, लखनलाल साह र निजका छोरा जेठो छोरा राजाराम शाह र कान्छो छोरा राजवीर शाहलाई पक्राउ गरी सोधपुछ नै नगरेको देखियो ।

२. निरञ्जन रामको हत्या गर्ने मुख्य शंकास्पद अभियुक्त शेष आजादलाई पक्राउ गरी निजले पोलेको भन्दै मृतक निरञ्जन रामको आफन्त र गाउँलेहरुलाई रातको समयमा पक्राउ पुर्जि बिना अत्यधिक बल प्रयोग गरी धेरै गाउँलेहरुलाई कुटपिट गर्दै केहि युवाहरुलाई पक्राउ गरेको पाईयो ।

३. हत्याका मुख्य योजनाकार बचाउँने र हत्याका कारण लुकाउने उद्देश्यले मृतक निरञ्जन रामको आफन्तहरुलाई नै निजको हत्या आरोपमा फँसाउने नियतले डिएसपी ज्ञान कुमार महतोको टोलीले हत्या आरोपी शेष आजादको नाबालिका बहिनीलाई प्रलोभनमा पारी निरञ्जन रामसँग आफ्नो नाजायज सम्बन्ध रहेको र सोही कारणले दाई शेष आजादले निरञ्जन रामको हत्या गरेका भन्न करकापमा पार्ने कोशिस गरेको र बालिकाले नमाने पछि निजलाई गाली गलौज गरेको भन्ने आरोप रहेको पाईयो ।

४. घटनाका सम्बन्धमा इलाका प्रहरी कार्यालयले अनुसन्धान गर्दागर्दै जिल्ला प्रहरी कार्यालयवाट ३ जना प्रहरी अधिकृतहरु खटाईनुमा इलाका प्रहरी कार्यालयको कार्यक्षमतामा प्रश्न उठेर हो वा अन्य कुनै कारण वा नियतले हो स्पष्ट गरिनु जरुरी देखिन्छ ।

५. निरञ्जन रामको हत्या सम्बन्धमा प्रकाउ परेका बिजय रामको मृत्यु निजको शरिरमा लागेको घाउचोटको फोटो, निजले मृत्यु अघि अस्पताको बेडवाट दिएको भिडिओ बयान तथा प्रत्यक्षदर्शीको बयानवाट प्रहरीको चरम यातनाका नै भएको देखिन्छ ।

६. बिजय रामसँगै पक्राउ परेका अन्य युवाहरुलाई पनि चरम यातना दिइएको र यातना उनीहरुलाई शारिरीक तथा मानसिक उपचारको आवश्यक्ता रहेको पाईयो ।

७. बिजय राम सँगै पक्राउ परेका मध्ये ३ जना युवाहरुलाई ३ दिनसम्म गैह्रकानूनी थुनामा राखेर छोडेको पाईयो ।

८. पक्राउ परेका युवाहरुलाई आफन्तसँग भेटघाट गर्न नदिइएको र कानूनी प्रक्रियाको बारेमा जानकारी नदिइएको र आवश्यक्ता भन्दा बढि सतर्कता अपनाएको पाईयो ।

९.जिल्ला प्रहरी कार्यालयका एसपी सिद्धि बिक्रम शाहले बिजय राम महरालाई यातना दिनमा प्रत्यक्ष संलग्न प्रहरीहरुको विरुद्धमा मात्र जाहेरी लिने तर आदेश दिने प्रहरी अधिकारीहरुको विरुद्धमा जाहेरी नलिने भन्ने भनाईले कानून विपरित आदेश दिने प्रहरी अधिकृतहरुको बचाउ गर्ने नियत राखेको पाईयो ।

१०. प्रहरी हिरासतहरुमा हुने यातना र शंकास्पद मृत्युको घटनामा प्रहरी कार्यालयमा नै जाहेरी दरखास्त दिनु पर्ने कानूनी व्यवस्था भए पनि आफ्नै प्रहरी कर्मचारी साथीहरुको बिरुद्धमा त्यस्ता जाहेरी दरखास्त दर्ता गर्न नमान्ने गरेको पाइयो ।

## सिफारिस :

१. निरञ्जन रामको हत्या सम्बन्धमा मुख्य शंकास्पद व्यक्तिहरु सच नर्सरीका साहुहरुलाई तत्काल पक्राउ गरी अनुसन्धान अगाडि बढाउनु पर्ने ।

२. बिजय रामको यातना र हत्या सम्बन्धमा निष्पक्ष अनुसन्धान गरी यातनाको आदेश दिने, यातना दिइदैछ भन्ने थाहा पाउँदा पाउँदै वेवास्ता गर्ने प्रहरी अधिकृत र यातना दिनमा प्रत्यक्ष वा अप्रत्यक्ष संलग्न प्रहरी अधिकृतहरुलाई कानून बमोजिम सजाय गरिनु पर्ने ।

३. बिजय रामको परिवारलाई न्याय, परिपूरण तथा अन्य सहयोग उपलब्ध गराउनु पर्ने देखिन्छ ।

४. प्रहरी हिरासतमा रहेका थुनुवाहरुमा यातना तथा अन्य त्रासका कारण शारिरीक तथा मानसिक समस्या देखिएकोले तत्काल उचित उपचार गराउनु पर्ने देखिन्छ ।

५. प्रहरी हिरासतमा यातना पाएका र गैह्रकानूनी थुनामा राखिएका थुनुवाहरुलाई कानून बमोजिम उचित क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने देखिन्छ।

६. प्रहरी हिरासतमा भएका यातना र शंकास्पद मृत्युको घटनामा जाहेरी दरखास्त दर्ता नगर्ने समस्याको समाधानका लागि कानूनमा सुधार गरी यस्ता घटनाहरु उपर जाहेरी दरखास्त बुझ्ने र अनुसन्धान गर्ने जिम्मा छुट्टै निकायलाई दिने व्यवस्था गरिन पर्छ।